वर्ष ४, अंक ४, माघ-चैत, २०७४

Voice of Indigenous Women

# आदिवासी महिला आवाज

राष्ट्रिय त्रैमासिक पत्रिका



## यसभित्र ...


- २८५४ खि ल्हो सोनाम ल्होसार कार्यक्रम -पृ. ४
- दक्षिण एसिया महिला कोषका प्रोगाम म्यानेजरको तारेभिर भ्रमण -पृ. ५
- तारेभिरमा पारिवारिक आर्थिक योजना तालिम -पृ. ५
- आदिवासी महिला समूह निर्माण -पृ. ६
- लक्षित समूह छलफल र सामाजिक नक्सा निर्माण -पृ. ७
- ग्रामीण महिला र किशोरी : आर्थिक शसक्तीकरणका अवसर र चुनौती -पृ. ७
- समुदाय आदान-प्रदान भ्रमण -पृ. ८
- संस्थाबाट प्रतिनिधित्व गर्दै राष्ट्रसंघमा -पृ. ९
- संक्षेप जानकारी -पृ. १०


CamScanner

का.जि.प्र.का.द.नं. १२८/०५६/०५७

# आदिवासी महिला आवाज

वर्ष ४, अंक ४, माघ-चैत, २०७४

**सल्लाहकार**
सुनी लामा
यशोकान्ति भट्टचन

**सम्पादक**
हिमकुमारी लिम्बू

**सम्पादन सहयोगी**
निर्मला भुजेल
सावित्रा चेपाङ

**कानुनी सल्लाहकार**
अधिवक्ता सरला मोक्तान

**व्यवस्थापन**
सुशिला गोले
कमला गुरूङ

**प्रकाशन सहयोग**
मामा क्याश (Mama Cash)

**कार्यालय**
राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
काठमाडौं महानगरपालिका-३५, पुरानो सिनामंगल,
पेप्सीकोला, काठमाडौं
पोष्ट बक्स नं.: ११९२३, सुन्धारा, काठमाडौं
फोन नं.: ०१-५१५६११३, फ्याक्स नं.: ०१-५१५६२९७
Email: niwfnepal@gmail.com
Website: www.niwfnepal.org.np

**मुद्रण**
सिटी अफसेट प्रेस, कुपण्डोल, ललितपुर
फोन नं. ०१-५२६०७५२

# सम्पादकीय

यस संस्थाले प्रकाशन गर्दै आएको त्रैमासिक पत्रिका *आदिवासी महिला आवाज*को वर्ष ४, अंक ४ पाठक समक्ष पस्कने जमर्को गरेका छौं। यस अवधिमा आदिवासी महिलाको नेतृत्व र विकासमा आएको सकरात्मका परिवर्तनको स्थिति र यस संस्थाले आदिवासी जनजाति महिलाको अधिकार र विकासका लागि पुऱ्याएको सहयोग, सरकारी निकायहरूसँग साझेदारी र खरदारी गर्दै आदिवासी महिलाको अधिकार प्राप्तिका लागि आदिवासी महिलालाई नै सशक्त बनाउन विभिन्न कार्यक्रम र अभियानहरू सञ्चालन गर्दै आएको जानकारी गराउन चाहन्छौं।

यस भित्र आदिवासी '२८५४ खि ल्हो सोनाम ल्होसार कार्यक्रम', 'दक्षिण एसिया महिला कोषका प्रोगाम म्यानेजरको तारेभिर भ्रमण', 'तारेभिरमा पारिवारिक आर्थिक योजना तालिम', 'आदिवासी महिला समूह निर्माण', 'लक्षित समूह छलफल र सामाजिक नक्सा निर्माण', 'ग्रामीण महिला र किशोरी : आर्थिक शसक्तीकरणका अवसर र चुनौती', 'समुदाय आदान-प्रदान भ्रमण', 'संस्थाबाट प्रतिनिधित्व गर्दै राष्ट्रसंघमा' 'संक्षेप जानकारी' तथा संस्थाको चिनारी लगायत उपयोगी लेख राखिएको छ।

हामी आशा गर्दछौं विगतका प्रकाशन र लेखहरूलाई झैं यस प्रकाशनलाई पनि सम्पूर्ण पाठकले मन पराउनु हुनेछ। पाठक र शुभचिन्तकहरूबाट हामी के अपेक्षा गर्दछौं भने आगामी अंकहरूमा प्रकाशन गर्नका लागि लेख, रचना, र समाचारहरू हामीलाई पठाउनका लागि अनुरोध गर्दै यहाँहरूको अमूल्य सुझाव प्राप्त हुनसकेमा हामी आभारी हुने थियौं।

धन्यवाद!

# मन्तव्य


लोकतन्त्रको पुनर्वहाली र गणतन्त्रको उदयपछि प्राप्त संविधान र यसभित्र महिलाहरूले उठाउँदै आएका सवालहरू मात्रात्मक रूपमा सफल भए पनि गत वर्ष सम्पन्न तीनवटै तहको निर्वाचनको परिणाम हेर्दा महिलाहरूको प्रतिनिधित्व उपलब्धिमूलक देखिन्छ तर पनि अर्थपूर्ण सहभागिता भने अझै हुन सकेको छैन किनकि अधिकांश महिला उप-प्रमुख, सदस्य र समानुपातिक प्रणालीबाट मात्रै चुनिएको छ । यस परिणामले महिलाहरूको अर्थपूर्ण सहभागिता भने देखिँदैन । जति नै प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतान्त्रिक पद्धतिको उपभोग गरिरहे पनि यहाँका पार्टी र नेताहरूमा पितृसतात्मक सोचले गाँजिरहेको हुँदा महिलाहरूलाई प्रत्यक्ष निर्वाचनमा विश्वास नगरेर सबैलाई समानुपातिकको माध्यमले सहभागिता गराई संख्यात्मक रूपमा पूरक बनाएको देखिएको छ ।

आदिवासी महिलाले उठाउँदै आएका सवालहरू तीनवटै तहमा अर्थात् नयाँ संविधानमा समावेश नभएका कारण समानुपातिक प्रणाली बाहेक अन्य निकायमा प्रतिनिधित्व हुन सकेन । यसकारण आदिवासी महिलाहरू आज पनि आफ्नो सवालहरू स्थापित गराउनका लागि निरन्तर लाग्न बाध्य बनेका छन । देशको अवस्था गणतन्त्र भएर मात्र पुग्दैन देशभित्र रहेका हरेक नागरिकको अधिकारलाई समान रूपले समतामूलक समावेशी र न्यायोचित वितरण प्रणाली र शासन व्यवस्था हुनुपर्दछ। यसो भयो भने मात्र देशभित्र रहेका सबै जाति वर्गको समग्र विकासको अर्थ हुनेछ। यसर्थ राज्यले सबै नागरिकको समान विकासका लक्ष्य, उद्देश्य, नीति कार्यक्रम राख्न जरुरी देखिन्छ ।

**सुनी लामा**
अध्यक्ष



CamScanner



# २८५४ खि ल्हो सोनाम ल्होसार कार्यक्रम

| जानुका तामाङ, फिल्ड रिसर्चर, सिन्धुपाल्चोक

२०७४ साल माघ ६ गते सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-२ भोटेचौर निबु गाउँमा आदिवासी जनजाति महिला मञ्चद्वारा गठित निबु गाउँ आदिवासी महिला समूहले २८५४ खि ल्हो सोनाम ल्होसारको आयोजना गरिएको थियो । करिब २०० जनाको सहभागितामा कार्यक्रम भव्य रूपमा सम्पन्न गरियो । आयोजकको भनाई अनुसार यस्ता खालका कार्यक्रमहरू पहिलो पटक भएको हो । तामाङ समुदायको बाहुल्यता भए पनि यसरी ल्होसार मनाउने गरेका थिएनन् ।

दक्षिण एसिया महिला कोष (SAWF)को सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले नारीवादी सहभागितात्मक कार्यमूलक अनुसन्धानद्वारा आदिवासी महिलाको अर्थपूर्ण सहभागिताको अभिवृद्धि कार्यक्रम गोकर्णेश्वर नगरपालिका-३, तारेभिर, काठमाडौं र मेलम्ची नगरपालिका- २, निबु गाउँ, सिन्धुपाल्चोकमा सञ्चालन गरिरहेको छ । यसैक्रममा आदिवासी संस्कारको जगेर्ना गर्नका लागि निबु गाउँ अदिवासी महिला समूहले उक्त कार्यक्रमको आयोजना गरेको थियो । कार्यान्वयन गरेको कार्यक्रमको स्वरुप अत्यन्तै राम्रो र मौलिक खालको थियो । सबै समुदायको घरधुरीको सहयोग र स्थानीय निकाय र इच्छा तथा गच्छे अनुसारको आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भयो । सम्झनै पर्ने व्यक्तित्वहरूलाई आशनग्रहण गराई प्रमुख अतिथि राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका अध्यक्ष श्री सुनी लामाको हातबाट दियोमा बत्ती बाली उपस्थित बौद्धलामाहरूबाट मन्त्र उच्चारण गर्दै कार्यक्रमको उद्घाटन गरियो । विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधित्व गर्नुहुने अतिथिहरूले तामाङ समुदायको मुख्य चाडको रूपमा मान्दै आएको र आगामी दिनहरुमा पनि यसलाई यसरी नै मान्यता र प्राथमिकता दिँदै लैजानु पर्ने कुराहरू व्यक्त गरियो । यसको लागि समुदाय स्वयं जागरुक हुन जरुरी छ भने अरूहरूले पनि साथ र समर्थन गर्नुपर्ने दायित्व रहन्छ भन्ने कुराहरू व्यक्त गरियो ।

त्यस्तै सांस्कृतिक टोलीको नृत्य र गायनको प्रस्तुतिले कार्यक्रमलाई अझ रौनकता थपियो । यस कार्यक्रममा विषेश आकर्षण बौद्धलामाहरूबाट विधिवत रूपमा पाठ गरिरहेको, धामीहरूबाट झाँकी प्रदर्शन गरिएको, झाँकीलाई महिलाहरूले फूल, अक्षतापाती र जलले बारम्बार छर्किरहेको, आगन्तुकहरूले आर्थिक सहयोग खानेकुराहरू ल्याउँदै एकै ठाउँमा संकलन गरेको, स्वयंसेवकहरूले प्रसाद बाँड्दै गरेको देख्दा कार्यक्रमको व्यवस्थापन पक्षमा निखरता देखियो । यस कार्यक्रमको राम्रो पक्ष भनेको भर्खरै गठिन महिला समूहले यसरी आफ्नौ धर्म संस्कार र परम्परालाई जोगाउन गरिएको पहिलो कदम सफल भएको हुँदा गुणगानको पात्र बन्यो । अझ यो कार्यक्रमलाई विदेशी पर्यटकहरूले पनि अबलोकन गर्ने अवसर पाएका थिए ।





# तारेभिरमा पारिवारिक आर्थिक योजना तालिम

माघ १४, २०७४ मा काठमाडौंको गोकर्णेश्वर नगरपालिका-३ स्थित तारेभिर आदिवासी महिला समूहलाई एक दिने पारिवारिक आर्थिक योजना तालिम सम्पन्न गरियो । समूहका ३४ सदस्य सहभागी भएको सो तालिमको प्रशिक्षक मायालु तामाङ हुनुहुन्थ्यो ।

समूहका सदस्यहरूलाई सरल र सहज तरिकाले उहाँहरूले बुझ्ने भाषामा तालिम सञ्चालन गरिएको थियो । पारिवारिक आर्थिक योजना शीर्षकहरूमा सहजीकरण गराउनु भएको थियो । उक्त तालिमका मुख्य विषयहरू परिवारको अवधारणा र परिवारकाजिम्मेवारीहरू,पारिवारिकआर्थिकयोजनाकोआवश्यकता, पारिवारिक आर्थिक योजना निर्माणपूर्वको तयारी, पारिवारिक आर्थिक योजनाका लागि क्रियाकलापको छनौट, अवसरको लेखाजोखा र बचत प्रक्रिया थिए र साथै पारिवारिक आर्थिक योजनाको अभ्यास पनि गरिएको थियो ।

अर्को कुरा समूहमा बचत गर्ने बानीको विकास, यसको उद्देश्य, फाइदा, समूहमा बचत गरेको रकमलाई सदस्यहरूमा कसरी परिचालन गर्ने र ऋण लगानी नीति सम्बन्धी छलफल र पारिवारिक आर्थिक योजनाको समूह कार्य र प्रस्तुतीकरण गरियो । बचत रकमलाई सुरक्षाको कुरा उठाउँदै कसको जिम्मेवारीमा कस्तो बैंकमा राख्ने, समूहका सदस्यहरूलाई मासिक रूपमा हुने आम्दानी र खर्चको विवरण राखेर समूहको आगामी बैठकमा पेश गर्ने, अनि आफू, घर र समूहबीचको सम्बन्धलाई कसरी व्यवस्थित र दिगो बनाउन सकिन्छ भनेर सचेत रहने सिकाइका साथ कार्यक्रमको समापन गरियो ।

# दक्षिण एसिया महिला कोषका प्रोगाम म्यानेजरको तारेभिर भ्रमण



दक्षिण एसिया महिला कोष (SAWF)को आर्थिक सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले काठमाडौंको गोकर्णेश्वर नगरपालिका-३, तारेभिरमा र सिन्धुपाल्चोक मेलम्ची नगरपालिका-२, भोटेचौर निबु गाउँमा 'Enhancing Meaningful Participation of Indigenous Women Through Feminist Participatory Action Research' परियोजना अन्तर्गत विभिन्न कार्यक्रमहरू गर्दै आइरहेको छ ।

यसै सिलसिलामा दातृ निकायका प्रोगाम अफिसर

मिनु पाण्डेले संस्थागत भ्रमण गर्नको लागि राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको कार्यालय पेप्सीकोलामा वि.सं. २०७४ फागुण ४ गते र कार्यक्रम कार्यान्वयन भएका जिल्लाहरूमा कार्यक्रम अनुगमन गर्ने सिलसिलामा वि.सं. २०७४ फागुण ७ गते गोकर्णेश्वरको तारेभिर आदिवासी महिला समूहमा संस्थाका पदाधिकारी र साझेदार संस्था सहित ७ जनाले फिल्ड अनुगमन कार्यक्रममा सहभागिता जनाएको थियो भने समूहको सबै सदस्यको उपस्थिति रहे को थियो । कार्यक्रमको बारेमा विस्तृत रूपमा फिल्ड रिसर्चर सुनिता मगर तामाङले प्रस्तुत गर्नु भएको थियो। समूहबाट पनि परिचय सहित केही महिला सदस्यहरूले दातृ निकाय लगायत मिनु पाण्डेलाई धन्यवाद सहित स्वागत गरे । प्रोगाम अफिसर पाण्डे ले कार्यक्रम शुरुआतको छोटो समयमा पनि महिला दिदीबहिनीहरूले गरेको कामको प्रसंशा गर्दै राम्रै उपलब्धिहरू पाएको कुराहरू सबै सामु खुशी साथ व्यक्त गर्नुभयो । संस्थाले गरेको कामको राम्रै मूल्याङ्कन भएको मानिएको छ र अन्त्यमा संस्थाका उपाध्यक्ष यशो कान्ति भट्टचनबाट कार्यक्रमको समापन गरियो ।



# आदिवासी महिला समूह निर्माण

मामा क्याशको सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चद्वारा सञ्चालित परियोजनाको महिला समूह निर्माण अन्तर्गत कार्तिक २२, २०७४ तथा तद्नुसार सन् २०१७ नोभेम्बर ८ मा मकवानपुर जिल्लाको मनहरी गाउँपालिका-४, मुसेधापमा २५ जनाको सदस्यतामा वनकरिया महिला समूहको गठन गरियो । सो समूहका महिलाहरूले प्रतिमहिना प्रतिव्यक्ति रु.१००।- का दरले बचत गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका अध्यक्ष सुनी लामा, उपाध्यक्ष यशोकान्ति भट्टचन, सदस्यद्वय सावित्रा चेपाङ र निर्मला भुजेल तथा परियोजना संयोजक कमला गुरुङको सहभागिता रहेको थियो ।

त्यसैगरी माघ २४, २०७४ तथा तद्नुसार सन् २०१७ नोभेम्बर १० मा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका-२, कुरिनटार नयाँबस्तीमा चेपाङ महिला बचत समूहको गठन गरियो। समूहमा २५ जना चेपाङ महिला सदस्यहरू रहेका छन् । समूहका सदस्यहरूले मासिक रु.१००।- का दरले बचत गर्ने निर्णय गरियो। उक्त कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका अध्यक्ष सुनी लामा, उपाध्यक्ष यशोकान्ति भट्टचन, सदस्यद्वय सावित्रा चेपाङ र निर्मला भुजेल तथा परियोजना संयोजक कमला गुरुङको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्देश्य अतिसीमान्तकृत तथा लोपोन्मुख आदिवासी समुदायका महिलाहरूको समूह गठन र परम्परागत सीप तथा ज्ञानको संरक्षण र प्रवर्द्धन गर्दै समूहका महिलाद्वारा विभिन्न सामग्रीहरू उत्पादन गरी बजारीकरण गर्ने रहेको थियो ।





# ग्रामीण महिला र किशोरी : आर्थिक सशक्तीकरणका अवसर र चुनौती

वि.सं. २०७४ माघ २५ काठमाडौंको चावहिलको ए वान क्याफेमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले एक दिने ग्रामीण महिला र बालिकाको आर्थिक सशक्तीकरण, लैङ्गिक समानता र अवसरका बारेमा कार्यक्रम गरियो। प्रादेशिक रूपमा गरिएको यो कार्यक्रमको उद्देश्य प्रदेश नं. ३ भित्र रहेका आदिवासी जनजाति ग्रामीण महिला र किशोरीहरूको आर्थिक अवस्था, अवसरहरू के के छन् र कस्तो प्रकारको चुनौतीहरूको सामना गरिरहेका छन् तथा हिंसाका घटनाहरूको अवस्था र कानूनी व्यवस्थामा अरू समुदाय भन्दा के के समानता र भिन्नता पाइएको छ भन्ने विषयमा विभिन्न जाति, क्षेत्र र पेशाका ३० जना आदिवासी महिला दिदीबहिनीहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न गरियो। संस्थाका उपाध्यक्ष यशोकान्ति भट्टचनले कार्यक्रमको विषयवस्तु प्रस्तुत गर्नुभएको थियो। प्रस्तुति पश्चात् विषयवस्तुमा समूहगत रूपमा छलफल गरियो। कार्यक्रमको रिर्पोट गर्ने काम संस्थाका सदस्य माला राईले गर्नु भएको थियो।

यो कार्यक्रम गर्नुको मुख्य उद्देश्य चाहिँ कार्यक्रमबाट आएका कुराहरूको निचोडलाई प्रतिवेदनको रूपमा तयार बनाई अमेरिकाको न्युयोर्कमा हुन गइरहेको महिलाको स्थिति सम्बन्धी आयोग (Commission on status of women) को ६२औं सत्रमा समावेश गरी प्रस्तुत गर्ने र नेपालका आदिवासी जनजाति महिलाको मुद्दाहरूलाई अन्तर्राष्ट्रिय स्तरसम्म जानकारी गराउनु रहेको थियो।

# लक्षित समूह छलफल र सामाजिक नक्सा निर्माण




२०७४ साल, चैत्र ३ मा तारेभिर आदिवासी महिला समूहको आयोजनामा समूह छलफल र सामाजिक नक्सा निर्माण कार्यक्रमको आयोजना गरिएको थियो। सो कार्यक्रममा ज्ञानबहादुर योञ्जनले सहजीकरण गर्नु भएको थियो। विभिन्न समूह, संघ/संस्था, व्यक्ति र जानीफकार व्यक्तित्वहरूको उपस्थितिमा उक्त दुई वटा शीर्षकमा कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चबाट कार्यक्रम संयोजक कमला गुरुङ र संस्थाका सदस्य साबित्रा चेपाङको पनि उपस्थिति थियो भने कार्यक्रम संचालन फिल्ड रिसर्चर सुनिता लामाले गर्नुभएको थियो।

लक्षित समूह छलफल अन्तर्गत त्यस समुदायका महिलाहरूको विभिन्न निकाय तथा समूह, संगठनहरूमा आदिवासी महिलाहरूको सहभागिता र प्रतिनिधित्वको अवस्था कस्तो छ, कति छ र छैन भने अब के के गर्दा आदिवासी महिलाहरूको ती ठाउँहरूमा सहभागिता अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयमा छलफल गरियो। उक्त समुदायमा नेतृत्व गरिरहनु भएका व्यक्तित्वहरूबाट आफूहरूले महिला दिदीबहिनीहरूलाई आवश्यक सहयोग गर्ने प्रतिवद्धताका साथै यसको लागि महिला दिदीबहिनीहरूले पनि तदारुकता देखाउनु पर्ने जरुरी देखिन्छ भनेर सल्लाह पनि दिनुभयो।



CamScanner



# समुदाय आदान-प्रदान भ्रमण

२०७४ साल, चैत महिनामा तारेभिर आदिवासी महिला समूहका ३७ जना महिलालाई निबु गाउँ आदिवासी महिला समूहको भ्रमणको लागि लगिएको थियो । भ्रमण गराउनुको उद्देश्य यस परियोजनाको अवधिमा समूहले के कस्ता कार्यक्रमहरू गरेको छ ? भविष्यमा गरिने कामहरू के के छन् ? र यस कार्यक्रमको सिकाइ र उपलब्धि के भयो ? भन्ने कुराहरू एक आपसमा अनुभव आदान-प्रदान गर्नु थियो ।

कार्यक्रम आ-आफ्नो परिचयबाट शुरु गरिएको थियो । एकआपसमा परिचय पश्चात् तारेभिर आदिवासी महिला समूहका अध्यक्ष छिरिङ तामाङबाट आफ्नो समूहले गरेका कामबारे जानकारी दिनुभयो । उहाँका अनुसार यस कार्यक्रमको शुरुआतपछि समुदायका महिलाहरूमा आएको सकारात्मक परिवर्तन जस्तैः आफ्नो मौलिक चाड ल्होसार मनाउन शुरु गरियो, छिमेकी र आफन्तहरू बोलाएर शुभकामना साटासाट गरियो । वार्षिक रूपमा मनाइने तारेभिर महोत्सवमा यसपटक महिला समूहले आयोजना गरी भव्य रूपमा मनाउन सफल भयो ।

त्यसै दिन समूहका महिलाहरूले आफैँले उत्पादन गरेका कृषि वस्तुहरू बिक्री वितरण गरी राम्रै आम्दानी भएको भन्दै एकजूट भएर



काम गर्दा हौसला मिलेको, बचत गर्ने बानीको शुरुआत भएको, त्यसमा पनि अझ राम्रो कुरा सबै सदस्यबाट मासिक रूपमा रु.१०।- चाहि आपतकालिन समयमा असहायहरूको लागि सहयोगस्वरुप जम्मा गर्ने गरिन्छ जसले गर्दा सेवा र सहयोगको भावनाको सृजना हुने र यस कार्यक्रमबाट हामी सबैले सिकेको राम्रो कुरा भनेको हाम्रो अधिकार के हो, भन्ने कुरा अलिअलि भए पनि बुझियो जे होस् अहिले हामीलाई यो समूह बनेकोमा धेरै राम्रो लागेको छ। निबु गाउँ आदिवासी महिला समूहका अध्यक्ष सबिना लामाको भनाइमा पनि समूहले बनाएर राम्रै भएको छ। यस ठाउँमा कहिले पनि आफ्नो तामाङ जातिको चाड भनेर ल्होसार मनाएको थिएन। यसपटक हामीले शुरुआत गरी भव्य रूपमा नै सफल भयो। बचत र ऋणको कार्यक्रम पनि गर्दैछौ। प्रौढ कक्षा पनि सञ्चालनमा छ। समुदायमा हुने हरेक क्रियाकलापमा हाम्रो समूहको सहभागिता रहँदै आएको छ। हामीले हरेक कुराहरूमा चासो दिएर सहभागिता जनाउन सके हामी पनि अरू समुदायको महिला जस्तै अगाडि बढ्न सकिने विश्वास गर्नुभयो। तारेभिर आदिवासी महिला समूहबाट सिक्ने कुरा गर्दा समुदायको सहयोगका लागि थप रु.१०।- पनि बचत गर्ने गरेका छन्। कार्यक्रम र महोत्सवहरूको आयोजना गर्दा व्यपार/व्यवसायको बारेमा आगामी दिनहरूमा पूर्वतयारी गर्ने भन्दै अरू सदस्यहरूबाट पनि अनुभव आदान-प्रदान गरी रमाइलो वातावरणमा कार्यक्रम समाप्त गरियो।

# संस्थाबाट प्रतिनिधित्व गर्दै राष्ट्रसंघमा

सन् २०१८ मार्च १२ देखि २३ सम्म महिलाको स्थिति सम्बन्धी आयोगको ६२ औं सत्र संयुक्त राष्ट्र संघको मुख्यालय न्युयोर्क, अमेरिकामा आयोजना भएको थियो। उक्त सत्रमा सदस्य राष्ट्रका प्रतिनिधिहरू, सयुंक्त राष्ट्र संघका इकाईहरू र आर्थिक तथा सामाजिक परिषद्बाट मान्यता प्राप्त विश्वव्यापी स्तरमा सक्रिय सबै क्षेत्रका गैरसरकारी संस्थाहरू सहभागी भएका थिए। यसै सिलसिलामा उक्त सत्रमा यस संस्था राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका मुख्य पदाधिकारीहरू अध्यक्ष श्री सुनी लामा, उपाध्यक्ष श्री यशोकान्ति भट्टचन, महासचिव श्री कृष्णकुमारी वाइबा र कोषाध्यक्ष श्री सुशीला माया गोलेहरूले अर्थपूर्ण सहभागिता जनाउनु भएको थियो।



# संक्षेप जानकारी

### लैङ्गिक हिंसासम्बन्धी अवधारणा

लिङ्गमा आधारित हिंसाले त्यस्ता सम्पूर्ण कार्यहरूलाई बुझाउँछ, जुन कुनै पनि व्यक्तिलाई लैङ्गिक विभेदकारी सामाजिक मूल्य मान्यताका आधारमा गरिएको हुन्छ । यस्तो हिंसाभित्र शारीरिक, मानसिक, यौन रूपले पीडा दिने वा पीडा पुऱ्याउने खालको व्यवहारहरू हुन्छ । त्यस्ता कार्य गर्ने भनी डर, त्रास दिने, धम्काउने व्यवहारहरूको साथै आधारभूत स्वतन्त्रताको खण्डित गर्नेसम्मको कार्यहरू समेटेको हुन्छ । विशेष गरी लैङ्गिक हिंसा पितृसत्तात्मक सामाजिक संरचनाको उपजको रूपमा रहेको छ ।

लैङ्गिक हिंसा मानव जीवन चक्रको हरेक तह र शृङ्खलामा देखापर्दछ । यस प्रकारको हिंसा समाजको बनावट, संस्कृति र सामाजिक विकासको पृष्ठभूमिले फरक फरक मात्रा वा स्वरुपमा देखा पर्न सक्दछ । लैङ्गिक हिंसाका स्वरुपहरू फरक फरक रहे तापनि समग्रमा यसले व्यक्तिको समानता र विकासलाई असर पुऱ्याउँदछ ।

#### गर्भावस्था

लिङ्ग पहिचान गरी गर्भपतन, गर्भवती समयमा कुटपिट, बलपूर्ण गर्भधारण ।

#### शिशु अवस्था

केटी शिशु हत्या, संवेदनात्मक तथा शारीरिक हिंसा, खाना तथा स्वास्थ्य सुविधाको पहुँचमा विभेद ।

#### बाल्य अवस्था

हाडनाता करणी तथा यौन दुर्व्यवहार, खाना, स्वास्थ्य तथा शिक्षामा भेदभाव, बाल वेश्यावृत्ति ।

#### किशोर अवस्था

बलपूर्ण श्रम, कार्यस्थलमा यौन दुर्व्यहार, बलात्कार, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती वा विना मन्जुरी विवाह, मानव बेचविखन तथा ओसारपोसार ।

#### प्रजनन अवस्था

यौन साथीबाट दुर्व्यवहार, वैवाहिक बलात्कार, दाइजोजन्य हिंसा र हत्या, मानसिक यातना, घरेलु हिंसा, अत्यधिक कार्यबोझ ।

#### वृद्ध अवस्था

एकल महिलालाई दुर्व्यवहार, जेष्ठ नागरिकलाई दुर्व्यहार, बोक्सीको आरोप ।

#### घरेलु हिंसा

घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ ।

#### बालविवाह

विहावरी गर्दा महिला र पुरुषको उमेर संरक्षणको मन्जुरी भए अठार वर्ष र मन्जुरीको संरक्षण नभए बीस वर्ष नपुगी विहावारी गर्न गराउन हुँदैन । विवाह गरे/गराएमा सो गर्ने/गराउनेमध्ये उमेर पुगेका मुख्यलाई सजाय हुन्छ । लोग्ने मानिस वा स्वास्नी मानिसमध्ये कसैको उमेर अठार वर्ष नपुगी विवाह भएको रहेछ र सन्तान पनि जन्मेको रहेनछ भने अठार वर्ष उमेर पुगेपछि मन्जुरी नगरे उक्त विवाह बदर गर्न पाउँछ ।

#### बहुविवाह

देहायका अवस्थामा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानून बमोजिम लोग्ने स्वास्नीको सक्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन ।

- स्वास्नीलाई यौन सम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा,
- स्वास्नी निको नहुने गरी बौलाएमा,
- स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने नेपाल सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा,
- स्वास्नी हिँडडुल गर्न नसक्ने गरी कुँजी भएमा,
- स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा,
- अंशबण्डाको महलको १० नम्बर बमोजिम स्वास्नीले अंश लिई भिन्न बसेमा,
- विवाह गर्दा स्वास्नी निको नहुने गरी बौलाएको र अंश लिई भिन्न बसेकोमा बाहेक अन्य अवस्थामा स्वास्नीको सहमति लिनुपर्ने व्यवस्था गरेको छ ।



CamScanner

# राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको चिनारी

नेपालका आदिवासी जनजाति महिलाहरूलाई राज्यले संरचनागत र निरन्तर विभेदमा पारेका छन् । आदिवासी जनजाति महिलाहरू आदिवासी महिला भएकै कारण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, जातीय र लैङ्गिक उत्पीडन झेल्नु परेको छ । यसप्रकारका विभेदहरू अन्त्य गर्न आदिवासी महिलाहरूमा सचेतना जगाउँदै, सशक्तीकरण तथा सवलीकरण गर्दै उनीहरूको नेतृत्व विकास गर्न अपरिहार्य भएको छ । नेपालमा सञ्चालन भएका महिला अधिकार र विकासका प्रयासहरूमा सहभागी हुन आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहसम्म सङ्गठित हुन सचेत, सशक्त, सबल र सफल बन्न/बनाउन संस्थागत प्रयासको टड्कारो खाँचो भएकोले **महिला, आदिवासी जनजाति र आदिवासी महिलाको अधिकार र विकासका क्षेत्रमा** अनुभव हासिल गरेका आदिवासी महिलाहरूको नेतृत्वमा **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको** स्थापना वि.सं. २०५५ असोज महिनामा भएको थियो । आदिवासी जनजाति महिलाका सवालहरू अन्य गैरआदिवासी जनजाति महिला तथा आदिवासी जनजाति पुरुषका समस्या र सवालहरू भन्दा भिन्न र विशिष्ट प्रकारका छन् । आदिवासी जनजाति महिलाको सचेतना जगाउन, आदिवासी जनजाति महिला र बालबालिकाको हक, अधिकार सुनिश्चित गर्न, जनवकालतलाई सघन बनाउन र जनवकालत, तालिम, छलफल, अन्तर्क्रिया, अध्ययन, अनुसन्धान, जीविकोपार्जन, पुनर्स्थापना, भौतिक पूर्वाधारका कार्यहरू र अन्य समसामयिक आवश्यकता अनुसारको कार्यक्रम र अभियानहरू सञ्चालन गरी सहयोग पुऱ्याउने लक्ष्य राखी **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च** आदिवासी महिलाको विकासका लागि निरन्तर लागि रहेको छ ।

### लक्ष्य

यस संस्थाको लक्ष्य जातीय र लैङ्गिक समानता हासिल गर्ने र आदिवासी जनजाति महिलाहरूलाई देश विकासमा सहयात्री बनाउने हुनेछ ।

### उद्देश्यहरू

- लोपोन्मुख र अतिसीमान्तकृत अवस्थामा रहेका आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाहरूको हक र अधिकार सुरक्षित गर्नको लागि पैरवी र जनवकालतको साथै उनीहरूको संस्थागत विकास, क्षमता अभिवृद्धि गर्ने ।
- पछाडि पारिएका आदिवासी जनजाति महिलाहरूका आर्थिक, भाषिक, सामाजिक, धार्मिक, राजनीतिक तथा सांस्कृतिक पक्षलाई सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
- आदिवासी जनजाति महिलाहरूका सामाजिक अवस्थासँग सम्बन्धित विभिन्न विषयमा अनुसन्धान गरी सवाल तथा समस्याहरूको विश्लेषण गर्ने र आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूका बारेमा विभिन्न पत्रपत्रिका र निर्देशिका प्रकाशन गरी जनचेतना जगाउने ।
- शोषित, पीडित अवस्थामा रहेका आदिवासी जनजाति महिलाहरूलाई आफ्नो हक अधिकार सुरक्षित गर्न, सचेत गराउनका साथै मानव बेचबिखन, चेलीबेटी बेचबिखन, वैदेशिक रोजगार तथा देहव्यापारको बारेमा सचेतना जगाई संगठित रूपमा अगाडि बढ्न प्रोत्साहन गरी निर्मूल गर्न सहयोग गर्ने ।
- स्थानीय निकाय तथा नेपाल सरकारको स्वीकृति लिएर समाजमा विद्यमान रहेका विभिन्न प्रकारका स्वास्थ्य, शिक्षा, वन, जलवायु परिवर्तन, वातावरण तथा सरसफाइ, खानेपानी, लघुजलविद्युत, भूमि तथा खाद्य अधिकार, नवीकरणीय उर्जा, गोबर ग्याँस जस्ता समस्याहरूको सामाधानको लागि मानवीय तथा भौतिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूको अधिकार र विकासका लागि विद्यमान समस्या र चुनौतीहरू समाधानका लागि राजनीतिक दल, नीतिनिर्माता, स्थानीय निकाय, नागरिक समाज र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।
- नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, अभिसन्धि र घोषणापत्रहरू सम्बन्धी आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सचेत गराउनुको साथै कार्यान्वयनको लागि वकालत तथा पैरवी गर्ने ।

CS CamScanner



२८५४ खि ल्हो सोनाम ल्होसार कार्यक्रम, भोटेचौर, सिन्धुपाल्चोक



समुदाय आदानप्रदान कार्यक्रम अन्तर्गत तारेभिरका फिल्ड रिर्सचर सुनिता मगर तामाङ आफ्नो अनुभव सुनाउँदै, सिन्धुपाल्चोक



सामाजिक नक्शा बनाउँदै तारेभिर महिला समूहका सदस्यहरू, तारेभिर, काठमाडौं




ग्रामीण महिला र किशोरीको आर्थिक सशक्तीकरणका अवसर र चुनौती विषयक कार्यक्रममा सहभागी महिलाहरू



निर्बुं गाउँ आदिवासी महिला समूहका सदस्यहरू, सिन्धुपाल्चोक